जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

वर्ष : ३ अंक : ३४४ २०८२ साल चैत्र १६ गते, सोमबार Monday, Mar.– 30 2026 मूल्य रु. ५/- पृष्ठ : ४

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

## पूर्वप्रधानमन्त्री देउवा, ओली र प्रचण्डको सम्पत्ति छानबिनको लागि सीआईबीले बढायो अनुसन्धान



*दास पन्नालाल--*
*१५ चैत्र, काठमाडौं ।*

मुलुकका तीन पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहालको सम्पत्तिबारे औपचारिक छानबिन प्रक्रिया तीव्र रूपमा अघि बढाइएको छ। पछिल्ला घटनाक्रमले उच्च राजनीतिक तहमा समेत कानुनी निगरानी कडा बन्दै गएको संकेत दिएका छन्।

सम्पत्ति शुद्धीकरण विभागले केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)लाई गरेको पत्राचारपछि अनुसन्धान प्रक्रिया औपचारिक रूपमा सुरु भएको हो। विभागको सिफारिसअनुसार सीआईबीले तीनै नेतासँग सम्बन्धित सम्पत्ति विवरण, आम्दानीका स्रोत, लगानीका क्षेत्र तथा वित्तीय कारोबारको विस्तृत अध्ययन थालेको स्रोतले जनाएको छ।

यसैबीच, सोही अनुसन्धानसँग जोडिएको प्रकरणमा कांग्रेस नेता तथा पूर्वऊर्जा मन्त्री दीपक खड्कालाई आइतबार पक्राउ गरिएको छ। सीआईबीका एआईजी डा. मनोज केसीले खड्कालाई सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका लागि नियन्त्रणमा लिइएको पुष्टि गरेका छन्। यद्यपि, तीन पूर्वप्रधानमन्त्रीसम्बन्धी छानबिनको विषयमा उनले औपचारिक रूपमा थप टिप्पणी गर्न चाहेनन्।

यसअघि 'जेनजी' आन्दोलनका क्रममा शेरबहादुर देउवाको निवासमा नगद भेटिएको विषय सार्वजनिक भएपछि सम्बन्धित निकायले स्थलगत निरीक्षण गर्दै मुचुल्का उठाएको थियो। त्यस्तै पुष्पकमल दाहालका पारिवारिक सदस्यको निवास र केपी शर्मा ओलीसँग सम्बन्धित स्थानहरूमा समेत प्रारम्भिक तथ्य संकलन गरिएको थियो। ती घटनालाई आधार मानेर अहिले अनुसन्धानलाई थप गहिराइमा लगिएको बताइन्छ।

गृह मन्त्रालय निकट स्रोतका अनुसार छानबिनको दायरा केवल व्यक्तिगत सम्पत्तिमा सीमित नरही परिवारजन, नजिकका सहयोगी र सम्भावित आर्थिक सञ्जालसम्म विस्तार हुन सक्ने संकेत देखिएको छ। यसले अनुसन्धानलाई अझ जटिल र संवेदनशील बनाउने अनुमान गरिएको छ।

कानुनी रूपमा हेर्दा, सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानमा आम्दानीको स्रोत पुष्टि, बैंकिङ कारोबारको विश्लेषण, लगानीका माध्यमहरूको छानबिन तथा अन्तरदेशीय वित्तीय गतिविधिको समेत अध्ययन गरिन्छ। सोही प्रक्रिया अन्तर्गत सीआईबीले आवश्यक कागजात संकलन, सम्बन्धित व्यक्तिसँग सोधपुछ र प्राविधिक विश्लेषणलाई समानान्तर रूपमा अघि बढाएको बुझिएको छ।

उच्च तहका राजनीतिक नेतृत्व नै अनुसन्धानको दायरामा आएपछि यस घटनाक्रमले राष्ट्रिय राजनीति, शासन प्रणाली र कानुनी राज्यको प्रभावकारितामाथि व्यापक बहस सुरु गराएको छ। केहीले यसलाई विधिको शासन सुदृढ बनाउने सकारात्मक कदमका रूपमा लिएका छन् भने अर्कोतर्फ राजनीतिक प्रतिशोधको कोणबाट पनि चर्चा भइरहेको छ।

यद्यपि, सरोकारवाला निकायहरूले भने अनुसन्धानलाई निष्पक्ष, प्रमाणमा आधारित र कानुनी प्रक्रिया अनुरूप अघि बढाइने बताएका छन्। आगामी दिनमा यस अनुसन्धानको निष्कर्षले नेपाली राजनीतिक वृत्तमा दीर्घकालीन प्रभाव पार्ने आकलन गरिएको छ।

## ओली र लेखकलाई ५ दिन हिरासतमा राख्न अदालतको अनुमति

*मुन्ना कुमार--*
*१५ चैत्र, काठमाडौं ।*

काठमाडौं जिल्ला अदालतले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई ५ दिन हिरासतमा राखेर अनुसन्धान अघि बढाउन अनुमति दिएको छ।

आइतबार न्यायाधीश आनन्दप्रसाद श्रेष्ठको इजलासले उनीहरूलाई म्याद थप गर्दै अनुसन्धानका लागि प्रहरीलाई अनुमति दिएको हो। अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठका अनुसार दुवै जनाको बयान लिन बाँकी रहेकाले हिरासत म्याद थप गरिएको हो।

अदालतले केपी शर्मा ओली अस्वस्थ भई उपचाररत रहेको भन्दै आवश्यक र प्रभावकारी उपचारको व्यवस्था गर्न पनि सम्बन्धित निकायलाई निर्देशन दिएको छ। ओलीलाई अस्पतालमै राखेर



अदालतमा हाजिर गराइएको थियो भने रमेश लेखकलाई सरकारी वकिलको कार्यालय हुँदै अदालतमा पेश गरिएको थियो।

गत भदौ २३ र २४ गतेका घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनका क्रममा उनीहरूलाई शनिबार पक्राउ गरिएको हो। पक्राउपछि ओलीलाई उपचारका लागि शिक्षण अस्पतालमा भर्ना गरिएको छ भने लेखकलाई महाराजगञ्जस्थित प्रहरीको २ नम्बर गणमा राखिएको प्रहरीले जनाएको छ।

उक्त घटनासम्बन्धी अनुसन्धानलाई थप गहिराइमा लैजान अदालतले दिएको यो अनुमतिलाई महत्वपूर्ण रूपमा हेरिएको छ।

## कलैयामा एमालेको विरोध प्रदर्शन, प्रशासनमा बुझायो बिरोधपत्र

***संवाहक सम्वादाता**-१५चैत्र,* कलैया

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले केन्द्रीय सर्कुलरअनुसार बाराको कलैयामा विरोध प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएको छ।

जिल्ला अध्यक्ष अध्यानन्द पाण्डेयको नेतृत्वमा पार्टी कार्यालयबाट सुरु भएको विरोध जुलुस भरत चोक हुँदै जिल्ला प्रशासन कार्यालय पुगेको थियो। जुलुसका क्रममा सरकारविरुद्ध चर्को नाराबाजी गरिएको थियो।

प्रदर्शनमा केन्द्रीय नेता बलबिर चौधरी, प्रदेश कमिटी सचिव मनोज पौडेल, पूर्व प्रदेशसभा सदस्य सुन्दर विश्वकर्मा, युवा संघका केन्द्रीय नेता रामजी यादव तथा युवा नेता



पुरुषोतम साहलगायतका नेता-कार्यकर्ताको उल्लेख्य सहभागिता रहेको थियो।

जिल्ला प्रशासन कार्यालयअगाडि केही समय तनावपूर्ण अवस्था समेत सिर्जना भएको थियो। प्रदर्शनकारीहरूले सरकारको वर्तमान गतिविधिप्रति असन्तुष्टि जनाउँदै विभिन्न नाराबाजी गरेका थिए।

कार्यक्रमको अन्त्यमा पार्टी नेताहरूले प्रशासनमार्फत सरकारलाई ध्यानाकर्षण गराउने उद्देश्यले विरोधपत्र बुझाएका छन्।

## सीमामा तस्करीको सञ्जाल यथावत्, विभिन्न रुट हुँदै काठमाडौंसम्म अवैध कारोबार

***संवाहक सम्वादाता**-१५चैत्र,* कलैया

नेपाल-भारत सीमाक्षेत्रमा तस्करी नियन्त्रणका सरकारी दाबीबीच बाराका विभिन्न नाकाबाट अवैध कारोबार भने अझै व्यापक रूपमा जारी रहेको पाइएको छ। स्थानीय स्रोतका अनुसार कवही नाकाबाट सुरु हुने तस्करी सञ्जाल तेलकुवा, बरियारपुर, गंजभवानीपुर, कोल्हबी हुँदै निजगढसम्म फैलिएको छ।

उक्त रुटमार्फत लत्ताकपडा, फूल तथा चकलेटजस्ता सामग्री अवैध रूपमा भित्र्याइने गरेको बताइएको छ। नयाँ सरकार गठन भएसँगै नियन्त्रणमा कडाइ हुने अपेक्षा गरिए पनि व्यवहारमा भने तस्करी रोकिएको देखिँदैन।

यस्तै, मटिअर्वा नाकाबाट धर्मनगर हुँदै खौराहीसम्म अर्को रुट सक्रिय



रहेको छ। यस मार्गबाट भित्र्याइएका सामग्री उत्तरी भेगमा पुऱ्याइने गरेको स्थानीयले बताएका छन्। त्यसपछि बरेवा र कलैया बजार हुँदै सामान भण्डारण गरी पुनः वितरण गर्ने गरिएको जनाइएको छ।

तस्करीमा संलग्न समूहहरूले मोटरसाइकल, पिकअप भ्यान तथा अन्य साना-ठूला सवारीसाधन प्रयोग गर्दै सामग्रीलाई क्रमशः संघीय राजधानी काठमाडौंसम्म पुऱ्याउने गरेको आशंका गरिएको छ।

स्थानीयवासीका अनुसार यस्तो अवैध कारोबार लामो समयदेखि संगठित रूपमा सञ्चालन हुँदै

बाँकी तेस्रो पृष्ठमा

## बारा स्थित नेपाल- भारत सिमानामा प्रतिबन्धित ओनेरेक्स सिरपसहित दुई जना पक्राउ

***संवाहक सम्वादाता**-१५चैत्र,* कलैया

नेपाल-भारत सीमाक्षेत्रमा लागूऔषध तस्करी नियन्त्रणका क्रममा भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले ठूलो परिमाणमा कोडिनयुक्त ओनेरेक्स कफ सिरप बरामद गर्दै दुई जनालाई पक्राउ गरेको छ।

शनिबार साँझ करिब ७:४५ बजे प्राप्त विशेष सूचनाका आधारमा एसएसबी ७१ बटालियन, मोतिहारीअन्तर्गत 'बी' कम्पनी महुआवाले छौडादानो थाना प्रहरीसँग संयुक्त अपरेशन सञ्चालन गरेको थियो। सो क्रममा बीआर २२ जीसी ७३८२ नम्बरको टाटा एस गोल्ड सवारीसाधन जाँच गर्दा लागूऔषध फेला परेको हो।

एसएसबीका अनुसार सवारीसाधनबाट १०० एमएलका



८४० फायल ओनेरेक्स कफ सिरप बरामद गरिएको छ। प्रारम्भिक अनुसन्धानले उक्त लागूऔषध भारतबाट अवैध रूपमा नेपालतर्फ ल्याइँदै गरेको देखाएको छ। बरामदगी सीमास्तम्भ (आईएनबी) बीपी नम्बर ३७६ नजिक, बेला गाउँ क्षेत्रबाट करिब १० किलोमिटर दूरीमा भएको बताइएको छ।

घटनामा भारतको पश्चिम चम्पारण जिल्ला निवासी ३५ वर्षीय जन्मेजय कुमार मिश्र र नेपाल बारा जिल्ला कबहिगोठ-३, जमुनिया निवासी ५० वर्षीय रमेश प्रसाद पक्राउ परेका छन्। बरामद सामग्रीसहित उनीहरूलाई थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि छौडादानो

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## सीमा सुरक्षा कि केवल दाबी? बारामा बढ्दो तस्करीले उठायो गम्भीर प्रश्न

नेपाल-भारत सीमामा 'कडाइ' गरिएको सरकारी दाबी र वास्तविक अवस्थाबीचको अन्तर बाराका पछिल्ला घटनाक्रमले स्पष्ट पारेका छन्। कागजमा सुदृढ सुरक्षा देखिए पनि जमिनमा तस्करी झन् संगठित, व्यवस्थित र निर्भीक बन्दै गएको तथ्य लुकाउन सकिने अवस्था छैन। भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले लगातार अवैध गतिविधि नियन्त्रणमा लिइरहेको समाचारहरू सार्वजनिक भइरहेका छन्। मदिरा तस्करी विफल पारिएको घटना होस् वा गोरु तस्करी नियन्त्रण–यी सबैले सीमाक्षेत्रमा गैरकानुनी कारोबार सक्रिय रहेको मात्र होइन, त्यसको निगरानी र नियन्त्रणमा असन्तुलन रहेको पनि देखाउँछ। जब भारतीय पक्षबाट यस्ता कारबाही भइरहेका छन्, त्यही समयमा नेपाली सुरक्षा निकायको उपस्थिति र प्रभावकारितामाथि प्रश्न उठ्नु स्वाभाविक हो।


अझ चैत ५ गते उजागर भएको बीउ तस्करी प्रकरणले त झन् ठूलो सन्देश दिएको छ–तस्करी अब सानो-मोटो गतिविधि होइन, बरु संगठित सञ्जालमार्फत सञ्चालन भइरहेको 'अर्थतन्त्र' जस्तै बनिसकेको छ। मोटरसाइकलमार्फत सीमापार पुऱ्याइने सामग्री, त्यहाँ संकलन गरेर ट्रकमार्फत अन्यत्र पठाइने प्रणाली–यी सबैले योजनाबद्ध अपराधको संकेत गर्छन्।

तर सबैभन्दा गम्भीर प्रश्न के हो भने–नेपाली सुरक्षा संयन्त्र कहाँ छ? सशस्त्र प्रहरी बल र नेपाल प्रहरीले 'बोर्डर सिल' भएको दाबी गरिरहँदा किन बारम्बार तस्करीका घटनाहरू सार्वजनिक भइरहेका छन्? के यो समन्वयको अभाव हो, स्रोत-साधनको कमी हो, वा जिम्मेवारी निर्वाहमा उदासीनता?

सीमा सुरक्षा केवल नारा वा कागजी प्रतिबद्धतामा सीमित हुन सक्दैन। यसका लागि स्पष्ट रणनीति, प्रभावकारी निगरानी, र दुई देशबीच सुदृढ समन्वय अपरिहार्य छ। अन्यथा, तस्करीले केवल राजस्वमा क्षति पुऱ्याउने मात्र होइन, यसले आपराधिक सञ्जाललाई बलियो बनाउँदै राज्यकै अधिकारलाई चुनौती दिने खतरा बढाउँछ।

अब आवश्यक छ–घटनापछि प्रतिक्रिया दिने होइन, घटनाअघि रोक्ने संयन्त्र विकास गर्ने। नत्र 'कडाइ'को दाबी केवल शब्दमै सीमित रहनेछ, र सीमा भने तस्करकै नियन्त्रणमा रहनेछ।

# सुशासन र आर्थिक सुधार




इतिहास केवल अतीतको घटनाक्रमको अभिलेख मात्र होइन । वास्तविक इतिहास भनेको अतीतको यथार्थ र वस्तुपरक विश्लेषण हो । इतिहासका पाना पल्टाउँदा संसारमा अनेकौं सभ्यता, साम्राज्य र शासन व्यवस्था उदाएको र कालान्तरमा पतन भएको पाइन्छ । असिरियन, रोमन, पर्शियन, ग्रिक, मौर्य, मुगल, अरब, ख्मेर, चिनियाँ, जापानी, मङ्गोल, बाइजेन्टाइन, एज्टेक, ओटोमन, पोर्तुगाली, टर्किस, डच, जर्मन, फ्रान्सेली, बेलायती, रुसीलगायत थुप्रै साम्राज्यको उदय र पतन भएको इतिहास साक्षी छ । इतिहासको चक्र सधैं अगाडि बढिरहन्छ । समय कहिल्यै पछाडि फर्कंदैन । संसारमा सबै कुरा परिवर्तनशील छन् । परिवर्तन नै प्रकृतिको स्थायी विशेषता हो । घटना दोहोरिएको जस्तो देखिए पनि वास्तवमा तिनले ठ्याक्कै पुनरावृत्ति गर्दैनन् ।

कार्ल मार्क्सका अनुसार इतिहास पहिलो पटक दुःखान्तका रूपमा र दोस्रो पटक प्रहसनका रूपमा दोहोरिन्छ । तथापि, इतिहास अतीतकै ढाँचामा पुनः दोहोरिँदैन । घटना मिल्दोजुल्दो देखिए पनि इतिहास उस्तै ढङ्गले दोहोरिँदैन । त्यसैले भनिन्छ- इतिहास ठ्याकै दोहोरिँदैन, दोहोरिए जस्तो मात्र देखिने हो ।

मानिसले इतिहासका घटनाबाट पाठ सिकेर भविष्यको दिशा कोर्न सक्नु पर्छ त्यसैमा व्यक्ति वा समाजको सफलता जोडिएको हुन्छ । इतिहासबाट पाठ सिक्न नसक्ने व्यक्ति वा समाज भविष्यमा अवश्य असफल हुन्छन् । अमेरिकन दार्शनिक तथा हार्वर्ड विश्वविद्यालयका विद्वान जर्ज सान्टायानाले भने झैं, 'जसले अतीतलाई सम्झन सक्दैन र त्यसबाट पाठ सिक्न सक्दैन, ऊ आफ्ना गल्तीलाई बार बार दोहोऱ्याउन बाध्य हुन्छ र त्यसैका आधारमा अन्त्यमा असफल हुन्छ ।" अर्थात् इतिहासबाट पाठ नसिक्नेहरूले उही गल्ती पटक पटक दोहोऱ्याएर अन्ततः असफलताको नियति भोग्नुपर्ने हुन्छ । यो तितो सत्य सबैले बुझ्नु पर्छ र राजनीतिक व्यक्ति तथा नेताले त अझ बढी बुझ्नु जरुरी हुन्छ ।

अतीत भविष्यको मार्गदर्शक हो । नेपालका राजनीतिक दल र नेताहरूले या त इतिहासबाट पाठ सिक्न सकेनन्, या इतिहासको तितो यथार्थलाई बेवास्ता गरी रहे । परिणामस्वरूप नागरिक समाज र जनताबाट निरन्तर चेतावनी आउँदा पनि उनीहरूले बारम्बार उही गल्ती दोहोऱ्याइरहे । सायद यही कारणले जनता विशेषतः युवापुस्ताको नजरमा राजनीतिक दल र नेताहरूको छवि कमजोर बन्दै गयो । नेपालका युवाले बारम्बार खबरदारी गरी रहे तर राजनीतिक दल र नेता सुध्रेनन र आफ्ना गल्ती दोहोऱ्याइरहे । फलतः युवा दल र नेताको अकर्मन्यता तथा कुशासनकाविरुद्ध सडकमा उत्रिन बाध्य भए । नेपालमा गत भदौमा भएको जेनजी आन्दोलन परम्परागत दल र नेतृत्वप्रतिको बढ्दो जनअसन्तुष्टिको अभिव्यक्ति थियो ।

दलहरूले निर्वाचन घोषणापत्रमार्फत जनतासँग विभिन्न प्रतिबद्धता व्यक्त गर्छन् । सत्तामा पुगेपछि ती प्रतिबद्धताको बेवास्ता गरेको देखिन्छ । फ्रान्सेली दार्शनिक जाँ-जाक रुसोका अनुसार दल र नेताहरूले जनतासँग सामाजिक सम्झौताका आधारमा शासन सञ्चालन गर्नु पर्छ । निर्वाचन घोषणापत्र पनि त्यही सामाजिक सम्झौताको महत्वपूर्ण अङ्ग हो । दलहरूले आफ्ना निर्वाचन घोषणापत्रप्रति इमानदारी र प्रतिबद्धता व्यवहारतः देखाएको र पालना गरेको पाइँदैन । समस्या यहींबाटै सुरु भएको हो । जब सरकार र दलहरूले उक्त सम्झौताप्रति इमानदारी देखाउँदैनन्, तब सरकार र जनताबिचको सम्बन्धमा दरार पैदा भई नयाँ द्वन्द्व सिर्जना हुन्छ ।

राजनीति शासन सञ्चालनको कला हो । बेलायती दार्शनिक थोमस हब्सका अनुसार नेताहरूले सङ्कुचित स्वार्थभन्दा माथि उठेर साझा हितका लागि काम गर्नु पर्छ । नेपालका दल र नेताले न सामाजिक सम्झौताको सम्मान गर्न सकेका छन्, न त शासन सञ्चालनको कला नै व्यवहारमा उतार्न सकेका छन् । यसैका कारण नेपालको राजनीति अकर्मण्यता, बेथिति र कुशासनको चरम दल दलमा फस्यो । समकालीन नेपाली राजनीति चार 'प' का वरिपरि केन्द्रित देखिन्छ । पहिलो 'प' पावर अर्थात शक्ति, दोस्रो 'प' पद, तेस्रो 'प' पैसा र चौथो 'प' परिवार । अर्थात् राजनीति गर्ने प्रमुख उद्देश्य शक्ति, पद, धन र पारिवारिक समृद्धि हासिल गर्नु मात्र हो । भ्रष्टाचार, अपराधीकरण, बिचौलिया र माफियासँगको साँठगाँठ र बाह्य शक्तिसँग आत्मसमर्पण यी चार उद्देश्य प्राप्त गर्ने माध्यमका रूपमा प्रयोग गरिए । शक्ति, पद, पैसा र परिवारमा केन्द्रित राजनीति गरिरहँदा दल र नेताहरूले जनविश्वास गुमाउँदै गए र जनतासँगको दुरी बढ्दै गयो । जेनजी आन्दोलन सत्तारूढ वर्गको यही कुशासन, भ्रष्टाचार र अधिनायकवादी प्रवृत्ति विरुद्ध थियो।

नेपालको राजनीतिक इतिहासमा जेनजी आन्दोलन चौथो ठुलो जनआन्दोलनका रूपमा स्थापित भएको छ । पहिलो जनआन्दोलन २००७ सालमा राणाशासन अन्त्य गर्दै बहुदलीय लोकतन्त्रको सुरुवात गर्ने ऐतिहासिक परिवर्तन थियो । यो घटना नेपालको आधुनिक राजनीतिक इतिहासको महत्वपूर्ण मोड थियो । २००७ सालको परिवर्तनले केवल राजनीतिक प्रणालीमा मात्र होइन, अर्थतन्त्र, कूटनीति, परराष्ट्र नीतिलगायतका विभिन्न क्षेत्रमा नयाँ सम्भावनाका ढोका खोलेको थियो । करिब एक दशकपछि तात्कालिन राजाले बहुदलीय लोकतन्त्रको घाँटी निमोठी दलविहीन पञ्चायती व्यवस्थाका नाममा निरङ्कुश शासन लागु गरे ।

करिब तीन दशकसम्म कायम रहेको पञ्चायती निरङ्कुशतन्त्र २०४६ सालको जनआन्दोलनपछि अन्त्य भयो । दोस्रो जनआन्दोलनका रूपमा चिनिने उक्त आन्दोलनले बहुदलीय लोकतन्त्र र संवैधानिक राजतन्त्रको पुनर्स्थापना गऱ्यो । बहुदलीय लोकतन्त्र पुनर्स्थापनापछि पनि नेताहरूको सङ्कीर्ण स्वार्थ र दलगत हित हाबी भइरहँदा राष्ट्रिय हित र विकासका एजेन्डा ओझेलमा परे । परिणामस्वरूप राजनीतिक अस्थिरता तथा बारम्बार र असमयमा सरकार परिवर्तनको शृङ्खला सुरु भयो । २००७ सालपछि कुनै पनि प्रधानमन्त्रीले पूर्ण कार्यकाल पूरा गर्न पाएका छैनन् । २०४६ सालपछि यो प्रक्रिया थप तीव्र भयो र यसले जनताको राजनीति, दल र नेताप्रति जनअसन्तुष्टि र निराशा थप बढायो । यही असन्तुष्टिको पृष्ठभूमिमा माओवादीले दशक लामो सशस्त्र विद्रोह सुरु गरे, जसमा १७ हजारभन्दा बढी नेपालीले ज्यान गुमाए ।

यसैबिच राजाले पनि परिस्थितिको फाइदा उठाउँदै निरङ्कुश शासन पुन थोपर्ने प्रयास गरे । त्यसपछि २०६२/६३ सालमा तेस्रो जनआन्दोलन भयो, जसले माओवादीलाई शान्तिपूर्ण मूलधारमा ल्याउनुका साथै राजतन्त्रको अन्त्य गर्दै गणतान्त्रिक लोकतन्त्रको नयाँ युग प्रारम्भ गऱ्यो । आन्दोलनअघि विभिन्न दलका नेताले अतीतका गल्ती नदोहोऱ्याउने प्रतिबद्धता जनतासमक्ष सार्वजनिक गरेका थिए । राजाको अलोकतान्त्रिक कदमविरुद्ध जनताले व्यापक रूपमा सडकमा उत्रेर दलहरूलाई साथ दिएका थिए । त्यतिबेला नेपाली जनता सुशासन, पारदर्शिता र जवाफदेहितायुक्त नयाँ राजनीतिक युगको सुरुवात हुने अपेक्षामा थिए । दल र नेताहरू आफ्ना प्रतिबद्धतामा अडिग रहन सकेनन् । कुशासन र बेथिति कायमै रह्यो र भ्रष्टाचार संस्थागत भयो जसले जनतालाई थप आक्रोशित बनायो । फलतः 'जेन जी आन्दोलन उदायो, जुन नेपालको चौथो महषवपूर्ण जनआन्दोलनका रूपमा स्थापित भएको छ ।

यो आन्दोलन ऐतिहासिक पनि साबित भयो, किनकि जेनजी आन्दोलनले ४८ घण्टाभित्रै सरकार परिवर्तन गराउन सफल भयो । 'जेनजी आन्दोलनका प्रमुख माग भ्रष्टाचार नियन्त्रण, सुशासन र निर्वाचन प्रणालीमा सुधार गर्नुपर्ने आदि थिए । यी माग नेपाली जनताले लामो समयदेखि उठाइरहेका थिए । सामाजिक सञ्जालमाथिको प्रतिबन्धले युवालाई सडकमा आउन बाध्य बनायो ।

जेनजी आन्दोलनको जगमा बनेको अन्तरिम सरकारले ससदीय निर्वाचन तोकिएको समयमा शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गऱ्यो जसका लागि अन्तरिम सरकारका प्रधानमन्त्री धन्यवादका पात्र हुनुहुन्छ । निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले जनताको ठुलो समर्थन प्राप्त गरेको छ । संसद्मा लगभग दुई तिहाइ बहुमतसहित नयाँ सरकार गठन भएको छ । रास्वपाका वरिष्ठ नेता बालेन शाह नयाँ सरकारका प्रधानमन्त्री बन्नुभएको छ । ठुलो बहुमतका साथ गठन भएको सरकारप्रति जनताका आशा र अपेक्षा धेरै छन् । जेनजी आन्दोलनका माग र उपलब्धि संस्थागत गरी व्यवहारमा लागु गर्नु सरकारको जिम्मेवारी हो ।

देश बहुआयामिक समस्यासँग जुधिरहेको छ । नयाँ सरकारले मुख्यतः तीन क्षेत्रमा ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । ती क्षेत्र हुन्-सुशासन, आर्थिक सुधार र परराष्ट्र नीति व्यवस्थापन । देशमा भ्रष्टाचार व्यापक छ । प्रशासनिक ढिलासुस्ती, नीतिगत भ्रष्टाचार, नातावाद र पक्षपातबाट जनता प्रताडित र निराश छन् । अधिकारको दुरुपयोगले सबै क्षेत्र प्रताडित छन् । राजनीति, अर्थतन्त्र, प्रशासनिक सेवालगायतका सार्वजनिक सेवाप्रति जनविश्वास न्यूनस्तरमा पुगेको छ । यस अवस्था सुधार गर्दै स्वच्छ, प्रभावकारी र उत्तरदायी शासन सुनिश्चित गर्नु आजको प्रमुख आवश्यकता हो । रास्वपाले आफ्नो निर्वाचन घोषणापत्रमार्फत सुशासनलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरेको कारण जनतामा सुशासनको आशा बढेको छ ।

नयाँ सरकारसमक्ष दोस्रो चुनौती अर्थतन्त्रलाई पुनः गतिशील बनाउनु हो । आर्थिक वृद्धिदर न्यून स्तरमा छ । बेरोजगारी समस्या व्यापक छ । अर्थतन्त्रका अधिकांश क्षेत्र र सूचकाङ्क सुस्त छन् । तिनलाई सक्रिय बनाउन नीतिगत सुधार र लगानीकर्ताको विश्वास पुनर्स्थापना गर्नु अपरिहार्य छ । नयाँ सरकार गठनपछि यस दिशामा केही महत्वपूर्ण निर्णय गरिएका छन्, जसले सकारात्मक परिवर्तनका सङ्केत दिएका छन् ।

तेस्रो महत्वपूर्ण चुनौती परराष्ट्र नीति, कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्ध व्यवस्थापनसँग सम्बन्धित छ । नेपालको परराष्ट्र नीतिका उद्देश्य र प्राथमिकता संविधानमै स्पष्ट उल्लेख छन् । संस्थागत स्मृति, विकास र व्यावसायिक दक्षताको अभावका कारण परराष्ट्र नीति कार्यान्वयन अपेक्षा अनुसार प्रभावकारी हुन सकेको छैन । विश्व भूराजनीति जटिल बन्दै गएको छ । एसिया विश्व भूराजनीतिक द्वन्द्वको केन्द्र बनेको छ जसलाई नयाँ शीतयुद्ध पनि भन्ने गरिन्छ । हाम्रा दुई ठुला छिमेकी भारत र चीन नयाँ शीत युद्धका नयाँ खेलाडीका रूपमा उदाएका छन् । नेपालको भूरणनीतिक अवस्थिति र वर्तमान भूराजनीतिक जटिलताले हामीलाई अवसर तथा चुनौती दुवै थपेका छन् । यस्तो अवस्थामा नेपालले अवलम्बन गर्ने विदेश नीति राष्ट्रिय हितलाई केन्द्रमा राख्दै छिमेकी तथा अन्य सबै शक्ति र मित्रराष्ट्रको विश्वास जित्ने गरी बुद्धिमत्तापूर्ण र संवेदनशीलाताका साथ सञ्चालन गर्नु पर्छ । नयाँ सरकारले यिनै प्राथमिकतालाई ध्यानमा राख्दै नेपालको विदेश नीति आगाडि बढाउनेमा विश्वस्त हुन सकिन्छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## इरान युद्ध अन्त्यका लागि वार्ताको पहल

इस्लामावाद, चैत १५ गते ।

प्रमुख क्षेत्रीय शक्तिहरूका शीर्ष कूटनीतिज्ञहरू मध्य पूर्वमा लडाइँ कसरी अन्त्य गर्ने भनेर छलफल गर्न आइतबार पाकिस्तानमा भेला भएका छन्।

इजरायल र अमेरिकाले इरानमाथि आक्रमण जारी राखेपछि र तेहरानले यस क्षेत्रमा मिसाइल र ड्रोन प्रहार गरेर जवाफ दिएपछि प्रगतिका सङ्केत भने टाढा देखिएका छन् । इस्लामावादमा हुने वार्तामा साउदी अरब, टर्की र इजिप्टका विदेशमन्त्रीहरू सहभागी हुने पाकिस्तानले जनाएको छ । पाकिस्तानका प्रधानमन्त्री शहबाज शरिफले इरानका राष्ट्रपति मसुद पेजेस्कियानबीच क्षेत्रीय तनावबारे व्यापक छलफल भएको बताउनुभएको छ । इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणपछि सुरु भएको एक महिना लामो युद्धमा तीन हजारभन्दा बढी मानिस मारिएका छन् । अमेरिका र इजरायलले इस्लामावादको वार्तामा सहभागिता जनाएका छैनन् । इरानी संसद्का सभामुख मोहम्मद बाघर कलिबाफले अमेरिकाले मध्यपूर्वमा थप सेना पठाउने क्रममा वार्ता बहाना बनाउन खोजेको बताउनुभयो ।



इरानको सरकारी सञ्चारमाध्यमका अनुसार उहाँले कुनै पनि स्थलगत आक्रमणको विरुद्ध चेतावनी दिनुभएको छ र इरान अमेरिकी सेनालाई 'आक्रमण गर्न' र अमेरिकी क्षेत्रीय सहयोगीहरूलाई उनीहरूको भूमि प्रयोग गर्न दिएमा सजाय दिन तयार रहेको बताउनुभएको छ । इजरायलले आइतबार इरानबाट आक्रमणको श्रृङ्खला आएको बताएको छ भने र तेहरान क्षेत्रमा व्यापक विस्फोटको आवाज सुनिएको छ । यसैबिच, इजरायलले आणविक अनुसन्धान र विकासका लागि प्रयोग भएको दाबी गरेका विश्वविद्यालयसहित कैयौँ विश्वविद्यालयमा इजरायलले हवाई आक्रमण गरेपछि इरानले आइतबार आक्रमण बढाउने चेतावनी दिएको छ । इरानको सरकारी सञ्चारमाध्यमका अनुसार रिभोलुसनरी गार्डले एक विज्ञप्ति जारी गर्दै इरानले इजरायली विश्वविद्यालय र यस क्षेत्रका अमेरिकी विश्वविद्यालयका शाखालाई 'वैध लक्ष्य' मान्नेछ । जर्जटाउन, न्यूयोर्क विश्वविद्यालय र नर्थवेस्टर्न सहित अमेरिकी कलेजहरूको कतार र युएईमा क्याम्पसहरू छन्। "यदि अमेरिकी सरकार यस क्षेत्रका आफ्ना विश्वविद्यालयहरूलाई बचाउन चाहन्छ भने, उसले सोमबार १२ बजेसम्म (इरानी) विश्वविद्यालयहरूमा भएको बमबारीको निन्दा गर्नुपर्छ," गाड्र्सले जारी गरेको विज्ञप्तिमा भनिएको छ। विज्ञप्तिमा अमेरिकासँग इजरायललाई इरानी विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूमा आक्रमण गर्नबाट रोक्न पनि माग गरिएको छ। इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बकाईले शनिबार इरान युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजी र इस्फहान युनिभर्सिटी अफ टेक्नोलोजी गरी दर्जनौं विश्वविद्यालय र अनुसन्धान केन्द्रहरू प्रभावित भएको बताउनुभएको थियो ।

## खड्कामाथि छानबिन गर्न अदालतले दियो ७ दिन हिरासतमा राख्ने अनुमति

***१५ चैत्र, काठमाडौं ।***



दीपक खड्कालाई सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा अनुसन्धान गर्न अदालतले ७ दिन हिरासतमा राख्न अनुमति दिएको छ।

केन्द्रीय अनुसन्धान ब्यूरो ( सीआईबी)ले आइतबार बिहान उनलाई पक्राउ गरेको थियो। पूर्वऊर्जामन्त्रीसमेत रहेका खड्कामाथि अवैध सम्पत्ति आर्जन र सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेको आरोपमा अनुसन्धान अघि बढाइएको हो।

अनुसन्धानका क्रममा लैनचौरस्थित नेपाल स्काउटको जग्गा कब्जासम्बन्धी प्रकरण मुख्य रूपमा केन्द्रमा रहेको छ। सीआईबीका अनुसार खड्का नेतृत्वको 'खड्का ल्यान्ड डेभलपमेन्ट प्रालि'ले स्काउटको करिब १२ रोपनी जग्गा दीर्घकालसम्म गैरकानुनी रूपमा उपयोग गरेको आरोप छ।

सम्झौताको अवधि सकिएपछि पनि जग्गा खाली नगरेको, साथै भाडाबापतको ठूलो रकम नतिरेको भन्दै नेपाल स्काउटले सम्बन्धित निकायमा उजुरी दिएको थियो। यसअघि नै प्रशासनले उक्त जग्गामा रहेका संरचनाहरू सिल गरिसकेको थियो।

यस्तै, भदौ २४ गते 'जेनजी' आन्दोलनका क्रममा खड्काको घरमा आगजनी हुँदा ठूलो परिमाणमा नगद फेला परेको घटनाले पनि अनुसन्धानलाई थप गम्भीर बनाएको छ। सोही घटनालाई आधार मानेर सम्पत्ति शुद्धीकरणतर्फको अनुसन्धान अघि बढाइएको बताइएको छ।

केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारमा ऊर्जामन्त्री रहेका खड्कामाथि सार्वजनिक सम्पत्ति हडपेको र पदको दुरुपयोग गरेको विषयमा लामो समयदेखि छानबिन चल्दै आएको थियो।

अदालतको पछिल्लो आदेशसँगै अब खड्कामाथि विस्तृत सोधपुछ तथा प्रमाण संकलन प्रक्रिया अगाडि बढाइने भएको छ।

## पर्सामा श्रीमतीमाथि क्रूर आक्रमण : खुट्टा काट्ने श्रीमान पक्राउ

***१५ चैत, वीरगञ्ज ।***

पर्सामा घरेलु विवाद उग्रिँदा एक व्यक्तिले आफ्नै श्रीमतीमाथि धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनाएका छन्। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार पर्सागढी नगरपालिका-३ का करिब ३० वर्षीय विश्वनाथ सहनीले आफ्नी २५ वर्षीया श्रीमती हीरकला देवी सहनीमाथि 'दाउ' प्रहार गरेका हुन्। प्रहरीका अनुसार आक्रमणबाट हीरकला देवीको दायाँ खुट्टा गम्भीर रूपमा काटिएको छ। घटनापछि उनलाई तत्काल उपचारका लागि परवानीपुरस्थित एल.एस. न्यूरो एण्ड जनरल अस्पतालमा भर्ना गरिएको छ, जहाँ उनको उपचार भइरहेको छ। घटनापछि फरार भएका



सहनीलाई प्रहरीको विशेष टोलीले खोजी अभियान सञ्चालन गरी पक्राउ गरेको जनाएको छ। हाल उनलाई नियन्त्रणमा लिई ज्यान मार्ने उद्योग तथा कुटपिट/अंगभंगसम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाइएको प्रहरीले जानकारी दिएको छ। प्रहरीले घटनाको कारण घरेलु विवाद भएको प्रारम्भिक निष्कर्ष निकालेको छ भने घटनाबारे थप अनुसन्धान जारी रहेको जनाएको छ।

## सातै ...

रहेको बताएका छन्। विगतमा 'द्रुत बस' लगायतका योजनाहरू दीर्घकालीन रूपमा सफल हुन नसकेको अनुभवलाई स्मरण गर्दै उनीहरूले दिगो योजना, बलियो व्यवस्थापन र पूर्वाधार विकासमा जोड दिएका छन्।

यातायात व्यवसायीहरूका अनुसार बस सञ्चालन मात्र पर्याप्त नहुने भएकाले ट्राफिक व्यवस्थापन, अनुगमन प्रणाली र स्थायी आर्थिक स्रोत सुनिश्चित गर्नुपर्ने हुन्छ। अन्यथा, यस्तो योजना अल्पकालीन प्रचारमै सीमित हुने जोखिम रहेको उनीहरूको भनाइ छ।

विज्ञहरूले सार्वजनिक यातायातलाई विद्युतीय प्रणालीमा रूपान्तरण गर्नुपर्नेमा पनि जोड दिएका छन्। डिजेल बसको सञ्चालन खर्च उच्च हुने र वातावरणीय दृष्टिले पनि उपयुक्त नहुने भएकाले नयाँ बसहरू विद्युतीय हुनुपर्ने सुझाव दिइएको छ। साथै, चार्जिङ स्टेशन, प्राथमिकता लेन र आवश्यक प्राविधिक पूर्वाधार विकास अपरिहार्य मानिएको छ।

सरकारको 'ब्लु बस' योजना महिला, ज्येष्ठ नागरिक र कमजोर वर्गका लागि राहत बन्न सक्ने अपेक्षा गरिएको छ। तर, यसको सफलता सरकारको इच्छाशक्ति, दीर्घकालीन सोच र प्रभावकारी कार्यान्वयनमा निर्भर रहने देखिन्छ।

## बारा ...

थानामा बुझाइएको एसएसबीले जनाएको छ।

यसैबीच, बाराको कवहीगोठ र मटिअर्वा नाकामा लागूऔषधसहित अन्य वस्तुको तस्करी व्यापक रूपमा भइरहेको स्थानीयले गुनासो गरेका छन्। सीमाक्षेत्रमा सुरक्षाको दाबी भइरहे पनि तस्करी गतिविधि नियन्त्रणमा चुनौती देखिँदै गएको छ।

## सीमामा ...

आएको छ। सुरक्षा निकायको निगरानी कमजोर हुँदा तस्करहरू अझ सक्रिय बन्दै गएको गुनासो गरिएको छ। सीमाक्षेत्रमा देखिएको यस्तो गतिविधिले राजस्व चुहावट मात्र नभई संगठित अपराधलाई समेत बढावा दिइरहेको भन्दै सरोकारवालाहरूले प्रभावकारी नियन्त्रण र कडा निगरानीको माग गरेका छन्।

## पर्सामा श्रीमतीमाथि क्रूर आक्रमण : खुट्टा काट्ने श्रीमान पक्राउ

१५ चेत्र,वीरगञ्ज ।

पर्सामा घरेलु विवाद उग्रिँदा एक व्यक्तिले आफ्नै श्रीमतीमाथि धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनाएका छन्। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार पर्सागढी नगरपालिका-३ का करिब ३० वर्षीय विश्वनाथ सहनीले आफ्नी २५ वर्षीया श्रीमती हीरकला देवी सहनीमाथि 'दाउ' प्रहार गरेका हुन्। प्रहरीका अनुसार आक्रमणबाट हीरकला देवीको दायाँ खुट्टा गम्भीर रूपमा काटिएको छ। घटनापछि उनलाई तत्काल उपचारका लागि परवानीपुरस्थित एल.एस. न्यूरो एण्ड जनरल अस्पतालमा भर्ना गरिएको छ, जहाँ उनको उपचार भइरहेको छ।

घटनापछि फरार भएका सहनीलाई प्रहरीको विशेष टोलीले खोजी अभियान सञ्चालन गरी पक्राउ गरेको जनाएको छ। हाल उनलाई नियन्त्रणमा लिई ज्यान मार्ने उद्योग तथा कुटपिट/अंगभंगसम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाइएको प्रहरीले जानकारी दिएको छ।

प्रहरीले घटनाको कारण घरेलु विवाद भएको प्रारम्भिक निष्कर्ष निकालेको छ भने घटनाबारे थप अनुसन्धान जारी रहेको जनाएको छ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# काठमाडौंमा एमाले कार्यकर्ता र प्रहरीबीच झडप: लाठीचार्ज र ढुङ्गा प्रहार, केही घाइते






***काठमाडौं, १५ चैत –***
राजधानीको माइतीघर-बानेश्वर क्षेत्रमा आइतबार नेकपा (एमाले) का कार्यकर्ता र प्रहरीबीच हिंसात्मक झडप भएको छ। पूर्वप्रधानमन्त्री केपी शर्मा ओली को पक्राउको विरोधमा आयोजित प्रदर्शनका क्रममा स्थिति तनावग्रस्त बनेको हो।

माइतीघरबाट बानेश्वरतर्फ अघि बढेको विरोध जुलुसलाई प्रहरीले निषेधित क्षेत्रमै रोकेपछि प्रदर्शनकारी र सुरक्षाकर्मीबीच घम्साघम्सी सुरु भएको थियो। प्रदर्शनकारीहरूले निषेधाज्ञा तोड्ने प्रयास गर्दै ढुङ्गा प्रहार गरेपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन लाठीचार्ज गरेको जनाइएको छ।

झडपका क्रममा दुवै पक्षका केही व्यक्ति घाइते भएका छन्। प्रारम्भिक जानकारीअनुसार एक जना प्रदर्शनकारीको टाउकोमा गम्भीर चोट लागेको छ भने अन्य केही सामान्य घाइते भएका छन्।

प्रहरीले भीड नियन्त्रणमा लिन बल प्रयोग गरेपछि बानेश्वर क्षेत्रको सुरक्षा व्यवस्था कडा पारिएको छ। घटनापछि सो क्षेत्रको सवारी आवागमन समेत प्रभावित भई केही समय पूर्ण रूपमा अवरुद्ध भएको थियो।

यसैबीच, नेकपा (एमाले) ले आइतबार देशभरका ७७ जिल्लामा जिल्ला प्रशासन कार्यालयमार्फत प्रमुख जिल्ला अधिकारीलाई विरोधपत्र बुझाएको जनाएको छ। पार्टी कार्यकर्ताहरूले केपी शर्मा ओली लाई तत्काल हिरासतबाट मुक्त गर्न माग गर्दै देशभर प्रदर्शन र नाराबाजी जारी राखेका छन्।

एमालेले सरकारको पछिल्लो कदमलाई 'राजनीतिक प्रतिशोध'को संज्ञा दिएको छ भने सरकार पक्षले भने कानुनी प्रक्रियाअनुसार कारबाही भइरहेको बताएको छ।

# नेपाल राष्ट्रिय बीमा अभिकर्ता संघ बारा शाखा समिति गठन

१५ चैत्र, बारा -
नेपाल राष्ट्रिय बीमा अभिकर्ता संघले नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको कलैया शाखा समिति गठन गरेको छ। लभधथि गठन भएको १५ सदस्यीय समिति अध्यक्षमा प्रमोद कुमार साह सर्वसहमतीले चयन भएका छन्। त्यस्तै, उपाध्यक्षमा पुरनदेव प्रसाद चौधरी, सचिवमा रंजित पटेल, सहसचिवमा गोपाल दास, र कोषाध्यक्षमा गिता कुमारी मण्डल सर्वसहमतीले चयन भएका छन्।



सदस्यमा शिला कुमारी तेली, पुरुषोत्तम कुमार साह, श्रीकान्त बछार, किशोरी प्रसाद साह, राजु कुमार साह, सुरेश यादव, वृजकिशोर साह, छोटलाल मुखिया विन, प्रभु प्रसाद यादव र मनिश कुमार गुप्ता सर्वसहमतीले चयन भएका छन्। साथै, सल्लाहकार समितिमा प्रमानन्द प्रसाद, विश्वनाथ शर्मा र ज्ञानेन्द्र कुमार कुशवाहा चयन भएका छन्।

समितिको गठन कार्यक्रममा प्रमोद कुमार साहको सभापतित्वमा भेलाको सञ्चालन भएको थियो। प्रमुख अतिथिको रूपमा नेपाल राष्ट्रिय बीमा अभिकर्ता संघका राष्ट्रिय उपाध्यक्ष अम्बिका प्रसाद तेली उपस्थित थिए भने विशिष्ट अतिथिका रूपमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका केन्द्रीय अध्यक्ष कृष्ण प्रसाद अचार्य र केन्द्रीय सचिव तेजप्रसाद तिवारी, मधेश प्रदेश अध्यक्ष नरेश प्रसाद, पर्सा-वीरगञ्ज शाखाका नवनिर्वाचित अध्यक्ष कमल प्रसाद वराल र उपाध्यक्ष उमेश प्रसाद साहले सहभागिता जनाएका थिए। कार्यक्रमका सहभागी अतिथिहरूले बीमा अभिकर्ताहरूको सेवा सुविधा, पेशागत अधिकार र संरक्षण सुनिश्चित गर्न संघले सधैं सक्रिय भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरेका छन्। यस नयाँ समितिको गठनले बारा क्षेत्रमा बीमा सेवा प्रवर्द्धन र अभिकर्ताहरूको हित सुनिश्चित गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिएको छ।

# दलितसँग राज्यमाफीको तयारी : ऐतिहासिक स्वीकारोक्ति, कार्यान्वयनमै परीक्षा

***१५ चैत्र, काठमाडौं ।***
प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले दलित तथा ऐतिहासिक रूपमा बहिष्कृत समुदायसँग औपचारिक रूपमा क्षमायाचना गर्ने निर्णय गर्दै राज्यको चरित्रमै परिवर्तनको संकेत दिएको छ। मन्त्रिपरिषद्बाट स्वीकृत 'शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची'अनुसार राज्यले विगतमा दलित समुदायमाथि भएका विभेद, अन्याय र अवसरबाट वञ्चितीकरणलाई स्वीकार गर्दै १५ दिनभित्र क्षमायाचनासहित सुधारमुखी कार्यक्रम सार्वजनिक गर्ने तयारी गरेको हो। यस कदमलाई सामाजिक न्याय, समावेशी पुनर्स्थापना र ऐतिहासिक मेलमिलापतर्फको महत्वपूर्ण पहलका रूपमा हेरिएको छ।






नेपालमा दलित समुदायले शताब्दीयौँदेखि छुवाछूत, सामाजिक बहिष्करण, आर्थिक वञ्चना र राजनीतिक उपेक्षा भोग्दै आएका छन्। विगतका कानुनी र संरचनागत व्यवस्थाले समेत यस्तो विभेदलाई संस्थागत बनाएको सन्दर्भमा राज्यले आफ्नो भूमिकालाई औपचारिक रूपमा स्वीकार्नुलाई महत्वपूर्ण राजनीतिक तथा नैतिक मोडका रूपमा विश्लेषण गरिएको छ।

विश्वका विभिन्न देशहरूले पनि विगतका अन्यायप्रति माफी माग्दै मेलमिलापको बाटो रोजेका उदाहरणहरू छन्। अष्ट्रेलियाले 'स्टोलन जेनेरेसन' नीतिका लागि सन् २००८ मा माफी मागेको थियो भने नेल्सन मण्डेला नेतृत्वमा दक्षिण अफ्रिका ले 'सत्य निरुपण तथा मेलमिलाप आयोग' गठन गरी रङ्गभेद अन्त्यतर्फ अघि बढेको थियो। यसको विपरीत जिम्बावे मा रोबर्ट मुगाबे को निषेधमुखी नीतिले देशलाई आर्थिक र राजनीतिक संकटतर्फ धकेलेको उदाहरण प्रस्तुत गरिन्छ। त्यसैगरी संयुक्त राज्य अमेरिका ले जापानी मूलका नागरिकमाथि भएको अन्यायका लागि सन् १९८८ मा क्षमायाचनासहित क्षतिपूर्ति दिएको थियो भने क्यानडा र जर्मनी ले पनि आफ्ना ऐतिहासिक गल्ती स्वीकार्दै माफी मागेका छन्।

विशेषज्ञहरूले सरकारको यो कदमलाई संविधानमा सुनिश्चित गरिएको समानता, सामाजिक न्याय र समावेशीताको कार्यान्वयनसँग जोडिएको महत्वपूर्ण कडीका रूपमा व्याख्या गरेका छन्। यसले राज्य र सीमान्तकृत समुदायबीचको दूरी घटाउने तथा भावनात्मक एकता बलियो बनाउने अपेक्षा गरिएको छ। तर सरोकारवालाहरूले क्षमायाचनामात्र पर्याप्त नहुने भन्दै भूमि, शिक्षा, रोजगारी र आर्थिक सशक्तीकरणका ठोस कार्यक्रम आवश्यक रहेको बताएका छन्।

विगतमा 'छुवाछूतमुक्त राष्ट्र' घोषणा भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको अनुभवलाई स्मरण गर्दै यसपटक नीति, बजेट र संस्थागत संरचनासहितको स्पष्ट योजना आवश्यक रहेकोमा जोड दिइएको छ। सरकारको यो पहललाई ऐतिहासिक 'डिपार्चर' का रूपमा हेरिए पनि यसको वास्तविक सफलता कार्यान्वयनमा निर्भर रहनेछ। कागजी घोषणामै सीमित हुन्छ वा सामाजिक रूपान्तरणको आधार बन्छ भन्ने प्रश्नको उत्तर आगामी नीति, कार्यक्रम र बजेटले तय गर्नेछ।

# सातै प्रदेशमा "ब्लु बस" योजना : महिलामैत्री यातायातको पहल, कार्यान्वयनमै चुनौती

***१५ चैत, काठमाडौं ।***
सरकारले सार्वजनिक यातायातलाई सुरक्षित र महिलामैत्री बनाउने लक्ष्यसहित सातै प्रदेशमा 'ब्लु बस' सञ्चालन गर्ने योजना अघि सारेको छ। प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले स्वीकृत गरेको 'शासकीय सुधारका लागि १०० बुँदे कार्यसूची'अन्तर्गत आगामी १०० दिनभित्र पहिलो चरणमा कम्तीमा २५ वटा बस सञ्चालनमा ल्याउने लक्ष्य राखिएको हो।



ब्लु बस अवधारणा यसअघि नै चितवनमा परीक्षणका रूपमा सञ्चालन गरिएको थियो। शक्तिखोरदेखि भरतपुरसम्म चलाइएको उक्त सेवा महिलामैत्री र निःशुल्क सुविधासहित लोकप्रिय बने पनि प्राविधिक समस्या र कानुनी जटिलताका कारण हाल स्थगित छ। स्थानीयस्तरमा प्राप्त सकारात्मक प्रतिक्रिया आधार मानेर सरकारले अब यसलाई देशव्यापी बनाउने तयारी गरेको हो।

यातायात क्षेत्रका विज्ञहरूले सार्वजनिक यातायात सुधारको दिशामा यो योजना महत्वपूर्ण भए पनि यसको कार्यान्वयन चुनौतीपूर्ण

बाँकी तेस्रो पृष्ठमा

# रवि लामिछानेको मुद्दा अब पूर्ण इजलासमा सुनुवाइ हुने

***१५ चैत्र,काठमाडौं ।***
रवि लामिछानेसँग सम्बन्धित मुद्दा संशोधन गर्ने निर्णयविरुद्ध परेको रिट अब सर्वोच्च अदालतको पूर्ण इजलासमा सुनुवाइ हुने भएको छ। सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र अब्दुल अजीज मुसलमानको संयुक्त इजलासमा प्रारम्भिक सुनुवाइ भएको थियो। बहसपछि उक्त रिटलाई पूर्ण इजलासमा पठाउने आदेश भएको अदालत प्रशासनले जनाएको छ।



यसअघि पूर्वमहान्यायाधिवक्ता सविता भण्डारी बरालले केपी शर्मा ओली नेतृत्वको सरकारको समयमा लागेका सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी मुद्दा फिर्ता गर्ने निर्णय गरेकी थिइन्। सोही निर्णयविरुद्ध विभिन्न कानुन व्यवसायीहरूले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

रिट निवेदन दायर गर्नेमा युवराज पौडेल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मी रहेका छन्।

कानुनी व्यवस्थाअनुसार, जटिल प्रकृतिका मुद्दा वा संयुक्त इजलासमा राय बाझिएको अवस्थामा त्यस्ता मुद्दा पूर्ण इजलासमा पठाइन्छ। अब उक्त मुद्दामा तीन सदस्यीय पूर्ण इजलासले अन्तिम सुनुवाइ गर्नेछ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।